# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको
## चौंथो वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)
(पाना नं. १ देखि १२ सम्म अभिलेख)

**१. वार्षिक साधारण सभा**

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड सञ्चालक समितिको मिति २०७९ साल कार्तिक ४ (तदनुसार २१ अक्टोबर २०२२) गते बसेको ११७औं बैठकको निर्णयानुसार बैंकको चौंथो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिमका विषयहरुमा देहाय बमोजिम छलफल तथा निर्णय गर्दै सु-सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति : २०७९ साल मंसिर १० गते, शनिबार (तदनुसार २६ नोभेम्बर २०२२)
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वट, बत्तिसपुतली, काठमाडौं ।
समय : विहान ९:०० बजे ।
(उपस्थिति पुस्तिका विहान ८:०० बजे देखि नै खुल्ला राखिएको थियो ।)

**३. सभामा छलफलका तथा निर्णयका लागि निर्धारित विषयहरु**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि वाह्य लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री M.G.S. & Associates, Chartered Accountants पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.२१,६०,००,००,०००।- (एक्काईस अर्ब साठी करोड रुपैंया मात्र) को ४.२१०५% (चार दशमलव दुई एक शून्य पाँच प्रतिशत) ले हुने रकम रु.९०,९४,६८,०००।- (नब्बे करोड चौरानब्बे लाख अठसठ्ठी हजार रुपैंया मात्र ) नगद लाभांस (लाभांस कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

२. प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरवदल/थपघट/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध**

## ४. उपस्थिति

**सञ्चालकहरुको उपस्थितिः**

| | |
|---|---|
| श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड) | अध्यक्ष (संस्थापक समुह) |
| श्री केदारनाथ शर्मा (प्रतिनिधि, नेपाल सरकार) | सञ्चालक (संस्थापक समुह) |
| श्री चन्द्र प्रसाद ढकाल (प्रतिनिधि, आइएमई लिमिटेड) | सञ्चालक (संस्थापक समुह) |
| श्री लालमणि जोशी (प्रतिनिधि, इमर्जिङ्ग नेपाल लिमिटेड) | सञ्चालक (संस्थापक समुह) |
| श्री शंकर प्रसाद अधिकारी | सञ्चालक (स्वतन्त्र) |
| श्री सुमन पोखरेल | सञ्चालक (सर्वसाधारण समुह) |
| श्री लिमा अधिकारी आचार्य | सञ्चालक (सर्वसाधारण समुह) |

**पदाधिकारीहरुको उपस्थितिः**

| | |
|---|---|
| श्री रामकृष्ण खतिवडा | - प्रमुख कार्यकारी अधिकृत |
| श्री सुर्य बहादुर तामाङ्ग | - नायब महाप्रबन्धक (बिजनेस) |
| श्री विनयनाथ न्यौपाने | - नायब महाप्रबन्धक (जोखिम एवं संचालन) |
| श्री सुवर्ण कुमार सिंह | - प्रमुख, जोखिम व्यवस्थापन |
| श्री रविन श्रेष्ठ | - प्रमुख, इन्फ्रास्ट्रक्चर फाइनान्सिङ्ग |
| श्री घनश्याम ओझा | - पब्लिक इन्फ्रास्ट्रक्चर, भर्टिकल लिड |
| श्री इश्वर बन्धु गौतम | - प्रमुख, कानुन एवं कम्पनी सचिव |

बैंक सञ्चालक र पदाधिकारीहरु बाहेक सभामा कम्पनी रजिष्ट्रारको कार्यालयबाट पाल्नु भएका प्रतिनिधि श्री विष्णु प्रसाद पौडेल, बैंकका लेखापरिक्षक M.G.S. & Associates, Chartered Accountants का प्रतिनिधि श्री महेश प्रसाद गुँरागाईं, बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटलका प्रतिनिधि लगायत बैकका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ५. सभाको सूचना तथा आवश्यक विवरण

बैंकको चौँथो वार्षिक साधारण सभा बस्ने बारेको जानकारी एवं आ.व. २०७८/७९ को संक्षिप्त आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०७९ कार्तिक ६ गते र २०७९ कार्तिक २४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुको सहजताको लागि सभाबारेको जानकारी तथा संचालक समितिको प्रतिवेदन बैंकको वेभसाइटमा राखि सार्वजनीक रुपमा सूचित गर्नुका साथै शेयरधनीमहानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा समेत पठाइएको भनि कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

## ६. शेयरधनीहरुको उपस्थिति

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयरधनीको संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधि पत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| २१६०००००० | १०७७९४७ | ९२८ | ४५ | ९७३ | ११२२४९०३३ | ५१.९७ |

## ७. गणपुरक संख्या एवम् बैधानिकता

सभा विधिवत रुपमा शुरु गर्नुअघि कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून र बैंकको नियमावली बमोजिम बोलाइएको र सभा गर्न कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

## ८. आसन ग्रहण

गणपुरक संख्या पुगेको र सभा वैद्यानिक रहेकोले कम्पनी सचिवले बैंकका संचालकज्यूहरु, आमन्त्रित शेयरधनी महानुभावहरु, अतिथिहरु तथा बैंकका उच्चपदस्थ पदाधिकारीहरुलाई आसन ग्रहण गराउनु भयो ।

## ९. राष्ट्रिय गान

आसन ग्रहण पश्चात कम्पनी सचिवको अनुरोधमा सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

## १०. सभाको अध्यक्षता, पानसमा दीप प्रज्वलन र सभा संचालन

राष्ट्रिय गानमा सहभागी भैसकेलगत्तै कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम बैंकको चौंथो वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन र पानसमा दीप प्रज्वलन गरी सभालाई औपचारिकता प्रदान गरिदिनुहुन कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गरे बमोजिम अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गर्नुभयो र अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले साधारण सभाको काम कारवाही अगाडि बढाउनु भयो ।

## ११. अध्यक्षज्यूबाट आफ्नो मन्तब्य सहित संचालक समितिको प्रतिवेदन प्रस्तुत

कम्पनी सचिवले अध्यक्षज्यूलाई आफ्नो मन्तब्य सहित आ.व. २०७८/७९ को संचालक समितिको प्रतिवेदन सभा समक्ष राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई बैंकको तर्फबाट सभामा स्वागत गर्दै सभा समक्ष बैंकको वर्तमान अवस्था साथै भावि कार्यक्रमहरु उदृत गर्दै संचालक समितिको आ.व. २०७८/७९ को वार्षिक प्रतवेदन सहित आफ्नो मन्तब्य राख्नुभयो ।

## १२. छलफलका लागि आब्हान

आ.व. २०७८/७९ को वार्षिक प्रतवेदन सहित अध्यक्षज्यूले आफ्नो मन्तव्य राखिसके पश्चात बैंकको काम कारवाहीहरु, भावि कार्ययोजनाहरु, सभामा छलफलका लागि निर्धारित प्रस्तावहरु लगायत बैंकसँग सम्बन्धित कुनै पनि विषयमा कुनै जिज्ञासा, प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन भनि कम्पनी सचिवले सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई आब्हान गर्नुभयो ।

## १३. जिज्ञासा, प्रश्न तथा सुझावहरु

उपस्थित आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आब्हान गर्नुभएकोमा देहायमा उल्लेखित शेयरधनीहरु तथा उपस्थित प्रतिनिधिहरुबाट देहाय बमोजिमका जिज्ञासा, प्रश्न तथा सुझावहरु प्राप्त भएको ।

**शत्रुघ्न श्रेष्ठ**

आदरणीय शेयरधनी शत्रुघ्न श्रेष्ठज्यूले बैंकका सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत एवं कर्मचारीहरुलाई सम्बोधन गर्दै आफ्ना भनाई राख्न शुरु गर्नुभयो । बैंकको वासलात र वित्तीय सूचकाङ्कहरु

सरसर्ति वाचन गर्नुभएका उहाँले आफ्नो भनाईको अन्त्यमा बैंकले आगामी दिनमा थप प्रगती गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

**डमरु बल्लभ घिमिरे**
आदरणीय शेयरधनी डमरु बल्लभ घिमिरेज्यूले सभालाई सम्बोधन गर्दै समयमा नै बैंकको वार्षिक साधारण सभा गर्न लाग्नु भएकोमा बैंक संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुलाई बधाई दिनु भयो । सम्बोधनकै क्रममा बैंकको वार्षिक प्रतिवेदन निकै राम्रो रहेको र मुख्य मुख्य विषयहरु तथा वित्तीय झलकहरु सटिक तर बुझिनेगरी प्रस्तुत गर्नुभएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

कोभिड-१९ बाट तग्रिँदै गरेको आर्थिक वर्षको भएता पनि बैंकको वित्तीय अवस्था राम्रो नै मान्नुपर्ने रहेको बताउदै परियोजनाहरुमा दीर्घकालिन लगानी गर्नेगरी संचालनमा रहेको यो बैंकले तत्कालै अर्थात छोटो समयमै उच्च प्रतिफल दिन्छ भनेर आशा गर्न नहुने बताउनु भयो । यद्यपि, दीर्घकालमा भने बैंकले दिने लाभांस दर पक्कै उच्च हुनेछ भन्ने अपेक्षाका साथ बैंकका लगानीकर्तालाई ढुक्क हुन आग्रह गर्नुभयो । साथै लगानीलाई गुणस्तरिय रुपमा थप वृद्धि गर्दै लैजान बैंकलाई सुझाव दिनुभयो ।

**शिवप्रसाद पौडेल**
आदरणीय शेयरधनी शिवप्रसाद पौडेलज्यूले बैंकले प्रदान गरेको लाभांस कमै भएता पनि सोको लागि धन्यवाद ज्ञापन गर्नुभयो । त्यस्तै आगामी वर्षहरुमा १० प्रतिशत भन्दा माथिको लाभांस प्रदान गर्नेगरी अघि बढ्न र मुद्दती निक्षेपमा लगानी कम गर्दै उपलब्ध स्रोतलाई बढि प्रतिफल आउने क्षेत्रमा लगानी गर्न सुझाव दिनुभयो ।

बैंकले प्रकाशन गरको वार्षिक प्रतिवेदनमा अग्रेजी भाषालाई अनिवार्य नगरेको भए अझ राम्रो र किफायती हुनेथियो भन्नुहुँदै उहाँले बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नुहुँदै आफ्नो छोटो मन्तव्य टुङ्गाउनु भयो ।

**ब्रह्मदेव शाक्य**
आदरणीय शेयरधनी ब्रह्मदेव शाक्यज्यूले सभामा बुँदागत रुपमा आफ्ना धारणाहरु राख्नुभयो । शुरुमा बैंकले गत वर्ष प्रदान गरेको बोनस शेयर र यस वर्ष प्रदान गर्न लागेको नगद लाभांसको लागि बैंकप्रति अभार व्यक्त गर्नुभयो । पूर्वाधारमा लगानी गर्नु भनेको बच्चा जन्माईसकेपछि तीनको पलन पोषण गर्नु र तीनलाई योग्य बनाएपछि बुढेसकालमा साहरा पाउनु जस्तै हो भन्दै अहिले हामीले नेपाल इन्फ्रास्ट्रक्चर बैंकलाई राम्रोसँग हुर्काउन बढाउन सकियो भनेदेखि भविष्यमा यो बैंक शेयरधनीको राम्रो सहारा बन्नेछ भन्ने धारणा राख्नुभयो । बैंकले लगानी गर्ने क्षेत्रहरु बैंकको लागि मात्र महत्वपूर्ण नभएर त्यस्ता क्षेत्रहरुको विकास मुलुकको हितसँग पनि प्रत्यक्ष जोडिएर आउने हुँदा यस बैंकले प्रत्यक्ष /अप्रतयक्ष रुपमा मुलुककै हित गरिराखेको छ भन्नुहुँदै उहाँले पूर्वाधार विकासको लागि आवश्यक पर्ने कानून/व्यवस्थाहरु तय गर्न बैंकले सक्रिय भुमिका खेल्नेछ भन्ने विश्वास गर्नुभयो ।

संचालक समितिको प्रतिवेदन वर्तमान अवस्थाको बारेमा यथार्थ, उत्साहपूर्ण रहनुका साथै भविष्य प्रति आशा जगाउने खालको भएको बताउनु भएका उहाँले आजको सभामा प्रस्तुत साधारण तथा विशेष प्रस्तावहरुमा आफ्नो समर्थन रहेको समेत बताउनु भयो ।

**नरसिंह लाल चँखु**
आदरणीय शेयरधनी नरसिंह लाल चँखुज्यूले सभा समक्ष आफ्नो धारणा राख्ने क्रममा बैंकको वार्षिक प्रतिवेदन अध्ययन गर्दा बैंकका गतिबिधिहरु प्रगति उन्मुख देखिएको बताउनु भयो । साथै उहाँले बैंकले प्रदान गरेको लाभांसको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

उहाँले विगतमा भन्दा व्याज आम्दानी बढ्नु, व्यवसायिक गतिविधि बढ्नु तथा मुनाफामा समेत वृद्धि हुनुले बैंकले लिएको दिशा उपयुक्त रहेको बताउँदै बैंकको कस्ट अफ फण्ड कम गर्ने तर्फ भने सदैव सजग रहन सुझाव दिनुभयो । त्यस्तै सुशासन र आन्तरिक नियन्त्रण प्रणलिमा बैंक मजवुत रहेको आफुले अनुभव गरेको बताउदै यसलाई निरन्तरता दिन समेत सुझाव दिनु भयो । बैंकले कर्मचारीहरुको दक्षतालाई अभिवृद्धि गर्न सकेमा मात्र बैंकको लक्ष्य प्राप्त हुने धारणा राख्दै कर्मचारीहरुको कार्यक्षमता, दक्षता वृद्धि गर्न विषेश ध्यान दिनुपर्नेमा जोड दिनुभयो । प्रस्तुतिको अन्त्यमा बैंकको सर्बोपरि हित कामना गर्दै आफ्नो भनाई टुङ्गाउनु भयो ।

**गुणराज भट्ट**

आदरणीय शेयरधनी गुणराज भट्टज्यूले आफ्नो टोल छिमेकमा निफ्राले ४ प्रतिशत प्रतिफल दियो भनेर गुनासो गर्नेहरुलाई आफुले निफ्राले दीर्घकालमा राम्रो प्रतिफल दिनेवाला छ भनेर बुझाउनु परेको बताउनु भयो । उहाँले यो कुरा यत्तिकै भनेको नभै निफ्राको प्रकृति बुझेर त्यसो भनेको हो भन्दै उहाँले निफ्रा पूर्वाधारका क्षेत्रमा दीर्घकालिन लगानी गर्ने बैंक भएको हुँदा बैंकले दीर्घकालिन रुपमा अवश्य राम्रो प्रतिफल दिनेछ भन्ने विश्वास राख्नुभयो । साथै, उहाँले यस बैंकको पूँजी कम भएको र अब २०-२२ अर्ब रुपैंयाले पूर्वाधारमा आशातित प्रगति गर्न सकिदैंन भन्दै पूँजी वृद्धि गर्नेतर्फ बीचार गर्न सुझाव दिँदै कर्मचारीहरुको कार्यक्षमता, दक्षता वृद्धि गर्न विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

**सुदिप श्रेष्ठ**

आदरणीय शेयरधनी सुदिप श्रेष्ठज्यूले बैंकले प्रस्ताव गरेको ४ प्रतिशत लाभांसको लागि बैंक परिवारलाई धन्यवाद दिनुभयो । उहाँले बैंकको प्रतिशेयर आम्दानी घटेको प्रति विशेष चासो राख्दै सोको वृद्धि गर्ने तर्फ अग्रसर हुन सुझाव दिनुभयो । बैंकले विशेष आर्थिक क्षेत्र, टुरिज्म, इनर्जी, ट्रान्सपोर्ट लगायतका क्षेत्रमा लगानीको लागि अग्रसरता लिएको सन्दर्भमा जलविद्युत् क्षेत्रमा विशेष ध्यान दिनु पर्दछ भनि सुझाव दिनुभयो । अन्त्यमा, आगामी वर्ष बैंकले प्रदान गर्ने प्रतिफल अहिलेको भन्दा उच्च रहनेछ भन्ने विश्वास आफुले लिएको बताउनु भयो ।

**दामोदर प्रसाद रेग्मी**

आदरणीय शेयरधनी दामोदर प्रसाद रेग्मीज्यूले बैंकले गरेको लाभांस प्रस्ताव न्यून रहेको गुनासो गर्नुभयो । बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा लगानी गरेको भए पनि निफ्राको सेयरले दिने प्रतिफल भन्दा उच्च प्रतिफल प्राप्त हुनेथियो भन्दै प्रतिफल बढाउनतिर लाग्न विशेष आग्रह गर्नुभयो । त्यस्तै, उहाँले नेतृत्वमा रहेको एक जना सक्षम व्यक्तिले संस्थाको कायपलट गरेका दृष्टान्तहरु नेपालभित्रै पनि छन् भन्दै निफ्राको बोर्ड र व्यवस्थापन त त्यस्ता सक्षम व्यक्तिहरुको भण्डार रहेकोले बैंकको प्रगतीमा शंका गर्ने ठाँउ नरहेको भएतापनि उचित रणनीतिको खाँचो भने महशुस गरेको बताउनु भयो ।

**कृष्ण प्रसाद अधिकारी**

आदरणीय शेयरधनी कृष्ण प्रसाद अधिकारीज्यूले संचालक समितिको बैठक संख्याहरु अघिल्लो वर्षको तुलनामा कम गरेकोमा सुरुमै धन्यवाद दिनुभयो । धन्यवाद पश्चात आफ्ना केही सुझावहरु पनि छन् भन्दै उहाँले बैंकको वार्षिक प्रतिवेदन राम्रो भएपनि लागतको हिसबले महङ्गो परेको, वार्षिक प्रतिवेदनमा सामाजिक उत्तरदायित्वमा गरेका कामहरु एवं साधारण सभा लगायत विशेष कार्यक्रमहरुको फोटोहरु हुनुपर्नेमा संचालक र व्यवस्थापकहरुको ठूला ठूला फोटाहरु राखिएको, वार्षिक प्रतिवेदनमा १ प्रतिशत भन्दा बढी शेयर धारण गर्ने शेयरधनीहरुको छुट्टै विवरण नरहेको, बैंकमा महिला कर्मचारीको संख्या वा प्रतिशत केही नखुलेकोमा आगामी वर्षमा सो तर्फ विशेष ध्यान दिन आग्रह गर्दै पूर्ववक्ताहरुले सभा समक्ष राख्नु भएको धारणाहरुलाई मनन गर्न अनुरोध गर्नुभयो ।

**चन्द्र नारायण श्रेष्ठ**

आदरणीय शेयरधनी चन्द्र नारायण श्रेष्ठज्यूले बैंकले प्रस्ताव गरेको लाभांस कम भएको बताउँदै गत वर्ष भन्दा नाफामा राम्रो सुधार भएको भएतापनि लाभांसदर बढ्न नसक्नुको एउटा कारण बैंकले विभिन्न व्यवस्थाहरु

कायम गर्नुपर्ने भएर पनि होला भन्दै कर्मचारी बोनस व्यवस्था बारे बोल्नु भयो । यसै विषयलाई जोड्दै कर्मचारीहरुले बोनस पनि प्राप्त गर्नु पर्दछ र सोही अनुरुप कर्मचारीहरुको कार्यक्षमता पनि बृद्धि हुनुपर्दछ भन्ने आफ्नो अपेक्षा रहेको बताउनु भयो । त्यस्तै, बैंकले जारी गर्न लागेको उर्जा ऋणपत्रबारे बोल्दै बजारमा प्रचलनमा रहेको विद्यमान ब्याजदरभन्दा कम ब्याजदर भएको उक्त ऋणपत्र बिक्री गर्न गाह्रो हुने हो कि भन्ने आफूलाई चिन्ता लागेको बताउनु भयो ।

अन्त्यमा, मुलुककै एकमात्र पूर्वाधार विकास बैंक भएकोले राष्ट्रिय स्तरका पूर्वाधार विकासमा समेत यस बैंकले उचित भुमिका खेल्नुपर्दछ भन्ने धारण राख्नु हुँदै आफ्नो भनाईलाई टुङ्गाउनु भयो ।

**रोज कुमार श्रेष्ठ**
आदरणीय शेयरधनी रोज कुमार श्रेष्ठज्यूले वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै नेपाली र अंग्रेजी दुई फरक भाषामा एउटै पुस्तकमा प्रकाशित भएको हुँदा वार्षिक प्रतिवेदनको पुस्तक भद्दा भएकोले अंग्रेजी भाषा अनिवार्य नभएको सन्दर्भमा आगामी वर्षदेखि नेपालीमा मात्र वार्षिक प्रतिवेदन प्रकाशित गर्न सुझाव दिनुभयो । साथै प्रतिवेदनमा कही कतै गल्तिहरु पनि देखिए भन्दै उहाँले सोतर्फ चनाखो बन्न अनुरोध गर्नुभयो । धेरै कुराहरु पूर्ववक्ता मित्रहरुबाट आईसकेको हुँदा अब म धेरै बोल्दिन भन्दै निफ्रा रहरलाग्दो गरी अघि बढिरहेको र भविष्यमा राम्रो कम्पनी बन्नेमा आफु ढुक्क रहेको बताउनु भयो ।

**महेन्द्र बहादुर श्रेष्ठ**
आदरणीय शेयरधनी महेन्द्र बहादुर श्रेष्ठज्यूले पूर्वाधार विकास बैंक भएको कारणले बैंकले लगानी गर्दा निजी क्षेत्र र सरकारी दुवै क्षेत्रलाई समेट्दा उत्तम हुने बिचार राख्नु भयो । त्यस्तै, लगानी विस्तार गर्दा पर्यटकिय हिसाबले सम्भाव्यता बोकेका र राष्ट्रलाई दुरगामी फाईदा पुर्‍याउने परियोजना चयन गर्न एवं लगानी गर्दा बैंकले राष्ट्रिय, अन्तर्राष्ट्रिय परिदृष्यहरुलाई ध्यानमा राख्न सुझाव दिनुभयो ।

बैंक आफैमा दीर्घकालिन प्रकृतिको भएको हुँदा बैंकमा दीर्घकालिन रुपमा लगानी गर्नु उपयुक्त भएता पनि अल्पकालको लागि समेत बिचार गर्दै अघि बढोस् भन्ने सुभकामना सहित आफ्नो मन्तव्य टुङ्गाउनु भयो ।

**इन्द्र कृष्ण श्रेष्ठ**
आदरणीय शेयरधनी इन्द्र कृष्ण श्रेष्ठज्यूले बैंक राम्रै दिशामा अघि बढिरहेको भन्नेमा आफु आश्वस्त भएतापनि अघिल्लो वर्षको तुलनामा यस वर्ष कम प्रतिफल प्रस्ताव हुँदा धेरै मानिसमा बैंकको प्रगति प्रति गलत धारणा विकास भएको पाईएको हुँदा यसको वास्तविकता बताईदिनुहुन संचालक समितिका अध्यक्षज्यूलाई आग्रह गर्नुभयो । उहाँले कम्पनीहरुले दिने प्रतिफलको विषयमा थप चर्चा गर्दै शेयरधनीले लगानी नगरी कम्पनी खुल्नै नसक्ने तर कम्पनीले आर्जन गरेको मुनाफामा सरकारको पहिलो हक लाग्ने व्यवस्था रहेकोमा यसलाई सुधार गरी पहिले लगानीकर्ताले पाउने र बाँकी सरकार लगायतलाई वितरण गर्नु पर्ने व्यवस्था हुनको लागि एकपटक सोच्ने बेला आएको बताउनु भयो ।

अन्त्यमा, वार्षिक प्रतिवेदन अलि ढिलो प्राप्त भयो आगामि वर्षहरुमा छिटै पठाईदिन अनुरोध गर्दै उहाँले बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

**अमिरदास रञ्जित**
आदरणीय शेयरधनी अमिरदास रञ्जितज्यूले समृद्ध नेपालको परिकल्पना सहित स्थापित यस बैंकले पूर्वाधारका क्षेत्रमा टेवा पुर्‍याउनु त छदैछ, त्यसको अलावा शेयरधनीहरुले बैंकप्रति राखेको आशालाई समेत सम्बोधन हुनेगरी बैंक अघि बढ्नुपर्ने सुझाव दिनुभयो । शेयरधनीहरुले बैंकप्रति राखेको आशालाई यथार्थमा परिणत गरी आगामी दिनहरुमा लाभांस दर उच्च बनाउन उहाँले आग्रह गर्नुभयो । बैंकले आफु सँग रहेको स्रोत अन्य बैंकको मुद्दती निक्षेपमा मात्र लगानी गरिरहेको छ कि भन्ने संशयका बीच यो प्रतिवेदनले त्यस्तो निक्षेप न्यून हुँदै गएको

देखाएकोले अब बैंकको मुद्दती निक्षेपमा भएको लगानी आलोचना गर्नुपर्ने अवस्थामा नरहेको बताउनु भयो । अन्त्यमा, बैकले राम्रो गर्दै गईरहेको छ र अझ राम्रो गर्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

**लवराज जोशी**
आदरणीय शेयरधनी लवराज जोशीज्यूले हालको लाभांसदर सन्तोषप्रद नभएतापनि बैंकको संचालक समिति, व्यवस्थापन टिम सबै अनुभवी र दक्ष रहनु भएकोले बैंकले गर्ने लगानीबाट प्राप्त प्रतिफलले दीर्घकालमा राम्रो लाभांस प्रदान गर्नेछ भन्ने विश्वास लागेको बताउनु भयो ।

साधारण सभाको व्यवस्थापनको कुरा गर्दै उहाँले भित्र महत्वपूर्ण विषयमा छलफलहरु भैरहेकोमा कतिपय शेयधनीहरु सभाहल भन्दा बाहिर चीया नास्तामा अल्मलिनु भएको बताउँदै आउँदा दिनमा सभा समापन भएपश्चात मात्र शेयरधनीहरुलाई चीया नास्ताको हुनेगरी व्यवस्था गर्न सकेमा राम्रो हुनेथियो भन्नुभयो । साथै, उहाँले संचालक समिति लगायत बैंक उच्च व्यवस्थापनका पदाधिकारीहरुलाई एउटै मञ्चमा भेटेर आफ्ना सुझाव, सल्लाह र गुनासो राख्न यो भन्दा उत्तम विकल्प अर्को नहुने हुँदा सम्पूर्ण शेयरधनीहरुलाई सक्रियताका साथ सभामा भाग लिन समेत अनुरोध गर्नुभयो ।

**राम गोपाल महर्जन**
आदरणीय शेयरधनी राम गोपाल महर्जनज्यूले आफ्नो धारणा राख्ने क्रममा बैंकका उद्देश्यहरु ठुला ठुला रहेको भएतापनि अफ्ना शेयरधनीहरुका साना साना अपेक्षाहरुलाई पनि सम्बोधन गर्ने गरी बैंक अघि बढ्नुपर्नेमा जोड दिनुभयो । साथै, उहाँले बैंकका उद्देश्यहरु पुरा गर्न अहिलेको पूँजी कम भैसकेकोले बैंकसँग पूँजी वृद्धिका के कस्ता योजनाहरु छन् जानकारी गराउन अनुरोध गर्नुभयो । अन्त्यमा शेयरधनीहरुलाई ४ प्रतिशत नगद लाभांस प्रदान गरेकोमा बैंकलाई हार्दिक बधाई दिदैं आफ्नो धारणालाई टुङ्गाउनु भयो ।

**सुर्य बहादुर खड्का**
आदरणीय शेयरधनी सूर्य बहादुर खड्काज्यूले निफ्रा भनेको रोपेको ४ वर्ष पनि पूरा नभएको आँपको विरुवा जस्तो भएकोले अहिलेनै बढि फलको आशा राख्न नहुने बताउनु भयो । सँगसँगै उहाँले आँपको बोटबाट आँप नै फल्ने हुँदा पहेलो फल हुँदैमा सो सुन नहुने तर्फ शेयरधनीहरुलाई सजग रहन आग्रह गर्दै बैंकको पनि आफ्नै सिमा, कार्यक्षेत्र हुने हुँदा लाभांसमा अधिक आशावादी नहुन समेत अनुरोध गर्नुभयो । अन्त्यमा, बैंकले राम्रो गरिरहेको र आगामी दिनमा अझ राम्रो गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

**सुनिता भट्टराई**
आदरणीय शेयरधनी सुनिता भट्टराईज्यूले सभा समक्ष लिखित धारणा पेश गर्नु भएको थियो । लिखित धारणामा मुलतः बैकले आफ्ना शेयरधनीहरुलाई लाभांस प्रदान गरेकोमा धन्यवाद सहित आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो ।

## १४. जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन
आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुबाट प्राप्त सुझावहरुहरु माथि प्रतिकृया दिनको लागि कम्पनी सचिवले बैंक संचालक समतिका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूलाई संयुक्त रुपमा अनुरोध गरे बमोजिम उठान भएका जिज्ञासा र प्रश्नहरुको हकमा अध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतले बुँदागत रुपमा उत्तर दिनुभयो जसको समष्टिगत संक्षेपिकरण देहाय बमोजिम रहेको थियो:

सबैभन्दा पहिले बैंकले प्रस्ताव गरेको लाभांस गत वर्षको भन्दा कम हुनुमा गत वर्षको लाभांस बैंक स्थापना भएदेखिको संचित मुनाफाबाट दिईएको र यस पटक प्रस्ताव गरिएको लाभांस आ.व. २०७८/७९ मा बैंकले आर्जन गरेको मुनाफाबाट मात्र भएकोले कम भएको व्यहोरा अनुरोध गर्नुभयो । यद्यपी, बैंकको लागानी विस्तार

भैरहेको, प्रशासनिक खर्चमा मितव्ययिता कायम गरिरहेको र आगामी दिनमा यसले निरन्तरता पाउँने र बैंकसँग रहेको स्रोत मुद्दती लगानीमा नरही चालु वर्षमा पूर्ण रुपमा कर्जा प्रवाहमा प्रयोग हुने हुँदा आउँदा दिनमा बैंकले आशातित प्रतिफल दिनेनै छ भनी शेयरधनीहरुलाई आश्वस्त हुन अनुरोध गर्नुभयो ।

पूँजी वृद्धिको हकमा बैंकले विभिन्न साधनहरु (instruments) को प्रयोगलाई जोड दिएको बताउँदै उहाँले ७ प्रतिशत ब्याजदर अंकित रु. ५ अर्बको उर्जा ऋणपत्र निष्काशनको अन्तिम चरणमा रहेको बताउनु भयो । सो बाहेक आवश्यकता अनुरुपका अन्य विकल्पहरु (सेक्टरल बोण्ड, इन्स्योरर बोण्ड) मा जान सकिने बताउनु भयो । यसका लागि नेपाल सरकार लगायत नियामकिय निकायहरुसँग छलफल भैरहेको जानकारी गराउँनु भयो । साथै, शेयरधनी महानुभावले ७ प्रतिशतको ऋणपत्र विक्री सहज छ त भन्ने प्रश्नको जवाफ दिंदै उहाँले यो ऋणपत्र सेक्टरल भएको कारण व्यक्तिगत रुपमा भन्दा पनि संस्थागत रुपमा विक्री गरिने हुँदा विक्री गर्न समस्या हुँदैन भन्ने व्यवस्थापनको धारणा रहेको बताउनु भयो ।

बैंकले शेयरधनीहरुको भावना अनुरुपनै बैंकले लगानी र डेभलपमेण्टलाई सँगसँगै लैजाने प्रयत्न गरिराखेको छ भन्दै उहाँले लगानीको हकमा प्रोजेक्ट पाईपलाईनहरु तयारी अवस्थामा रहेका छन् भने डेभलपमेण्ट हकमा पोलिसि अनलकिङ्गका कार्यहरु अगाडि बढिरहेको बताउनु भयो । त्यस्तै, सार्वनजीक निजी साझेदारीलाई मुर्त रुप दिन मुलुकका तीनवटै सरकार संघ, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय भैरहेको र सरकारका परियोजनाहरु जस्तै ट्रान्समिसन लाईन, विशेष औद्योगिक क्षेत्र, टाउन प्लानिङ्ग, हरित पूर्वाधार, फोहरमैला व्यवस्थापन आदिलाई मूर्त रुप दिन विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था तथा निकायहरुसँग छलफल तथा समन्वय भैरहेको बताउनु भयो । साथै यस्ता परियोजनाहरु चरणबद्ध रुपमा विकास हुने हुनाले निफ्राको लगानी दीर्घकालिन प्रकृतिको हुने हुँदा प्रतिफल समेत यसैसँग जोडिन आउने विषय भएको बताउनु भयो । त्यस्तै, कर्मचारीहरु नै बैंकको असली सम्पत्ति भएको तथ्यलाई मनन गर्दै कर्मचारीको तालीम तथा वृत्ति विकासमा बैंक सधैं लागिरहने बताउदैं उहाँले कर्मचारी खर्च बढ्नुमा केही कर्मचारीहरुको नयाँ भर्ना र प्रचलित बोनस ऐन बमोजिमको बोनस व्यवस्था मुख्य कारण भएको बताउदैं आदरणीय वक्ता शेयरधनीहरुले वार्षिक प्रतिवेदनमा औल्याउनु भएका गल्ती कमजोरीहरु आगामी दिनमा सुधार गर्दै जाने बताउनु भयो ।

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधनलाई निरन्तरता दिंदै अध्यक्षज्यूले सभामा उठान भएका विषयहरुमा बैंक संचालक समितिले समिक्षा गर्ने र शेयधनीहरुको भावना कदर हुनेगरीका कार्यक्रमहरु बैंकको कार्यनीतिहरुमा समावेश गर्दै जाने बताउनु भयो ।

## १५. प्रस्तावहरुको प्रस्तुति

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात अध्यक्षज्यूको निर्देशन बमोजिम कम्पनी सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभा समक्ष बैंकको आर्थिक बर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको सोही अवधिको वासलात, विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित सामान्य प्रस्ताव अन्तर्गतका विषयसूचीहरु /प्रस्तावहरु र विशेष प्रस्ताव अन्तर्गतका विषयसूचीहरु /प्रस्तावहरु सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

## १६. सभाको निर्णय

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक बर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

Nepal Infrastructure Bank Ltd. Kathmandu

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम बैंकको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नको लागि वाह्य लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भइसकेको र सभाले बैंक लेखापरीक्षण समिति २३औं बैठकको सिफारिस बमोजिम बैंकको विद्यमान लेखापरीक्षक श्री M.G.S. & Associates, Chartered Accountants लाई बैंकको आ.व.२०७९/८० को लेखापरीक्षण (Tax Audit लगायत प्रचलित कानून/व्यवस्था बमोजिम प्रमाणित गर्नुपर्ने कागजात प्रमाणित गर्ने कार्य समेतको लागि) गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक कर समेत रु. ३,३९,०००/- (तीन लाख उन्चालीस हजार रुपैंया) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गऱ्यो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.२१,६०,००,००,०००।- (एक्काईस अर्ब साठी करोड रुपैंया मात्र) को ४.२१०५% (चार दशमलव दुई एक शून्य पाँच प्रतिशत) ले हुने रकम रु.९०,९४,६८,०००।- ( नब्बे करोड चौरानब्बे लाख अठसट्ठी हजार रुपैंया मात्र) नगद लाभांस (लाभांस कर समेत) वितरण गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

सभाले पारित गरेको लाभांस नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति पश्चात मात्र वितरण हुने व्यहोरा कम्पनी सचिवले सभा समक्ष जानकारी गराउँनु भयो ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई देहाय बमोजिम पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**प्रबन्धपत्रतर्फ:**

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था (संशोधन) | संशोधनको कारण |
|---|---|---|
| ५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:<br>(प) **थप** | ५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:<br>(प) सहायक कम्पनीहरु खोल्ने । | सहायक कम्पनीहरु मार्फत आफ्ना उद्देश्यहरु पुरा गर्न बैंकलाई थप सहज हुने देखिएकोले प्रबन्ध पत्रको दफा ५ मा उपदफा (प) थप गरी सहायक कम्पनीहरु खोल्ने व्यवस्था राख्नु पर्ने भएकोले । |

नियमावलीतर्फ:

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था (संशोधन) | संशोधनको कारण |
|---|---|---|
| ३२ (१) (क)<br>संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रु. १०,००० र अन्य सञ्चालकहरुले पाउने प्रति बैठक भत्ता रु. ८,००० हुनेछ । | ३२ (१) (क)<br>संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रु. १८,००० र अन्य सञ्चालकहरुले पाउने प्रति बैठक भत्ता रु. १५,००० हुनेछ । | बैंक सञ्चालनमा आएदेखि बैठक भत्तामा कुनै परिवर्तन नभएकोले समसामयिक रुपमा बैठक भत्ता बढाउन उपयुक्त देखिएकोले । |
| ३२ (१) (ख)<br>बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>**क) नेपालमा :**<br>१) काठमाण्डौं/पोखरा -<br>रु.७,५००।- दैनिक<br>२) अन्य स्थान<br>रु.५,५००।- दैनिक<br>**ख) भारतमा :**<br>१) महानगरीय शहरहरुमा -<br>भा.रु.१५,०००।- दैनिक<br>२)अन्य शहरहरुमा-<br>भा.रु.१०,०००।- दैनिक<br>**ग) विदेशमा :**<br>१) भारत बाहेक अन्य सार्क देशहरुमा-<br>USD १५० दैनिक<br>२) अन्य एशियाली देशहरुमा-<br>USD २०० दैनिक<br>३) अन्य देशहरुमा- | ३२ (१) (ख)<br>बैंकको कामको सिलसिलामा सञ्चालकहरु भ्रमणमा जाँदा प्रदान गरिने आवास खर्च एवं दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>**क) आवास खर्च:**<br>पाँच तारे सम्मको होटल/रिसोर्टमा बस्दा भएको बिल अनुसारको वास्तविक खर्च रकम ।<br>**ख) दैनिक भ्रमण भत्ता:**<br>**नेपालमा**<br>१) काठमाण्डौं/पोखरा<br>रु.७,५००।- दैनिक<br>२) अन्य स्थान<br>रु.५,५००।- दैनिक<br>**भारतमा**<br>१) महानगरीय शहरहरुमा<br>भा.रु.१०,०००।- दैनिक<br>२)अन्य शहरहरुमा<br>भा.रु.७,०००।- दैनिक<br>**विदेशमा**<br>१) भारत बाहेक अन्य सार्क देशहरुमा-<br>USD १००।- दैनिक<br>२) अन्य एशियाली देशहरुमा<br>USD १५०।- दैनिक<br>३) अन्य देशहरुमा | बैंक सञ्चालनमा आएदेखि दैनिक तथा भ्रमण भत्तामा कुनै परिवर्तन नभएको । साथै, दैनिक तथा भ्रमण भत्तामा आवास खर्च नछुट्टिएको हुँदा आवास खर्च छुट्याई दैनिक भ्रमण भत्तालाई समायोजन गर्न उपयुक्त देखिएकोले । |



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

| | | |
|---|---|---|
| USD ३०० दैनिक | USD २००।- दैनिक | |
| ३२ (१) ख १<br>**थप** | ३२ (१) (ख)<br>**१. बीमा (औषधी उपचार र दुर्घटना)**<br>औषधी उपचार बीमा वापत संचालक र निजको श्रीमान वा श्रीमतीलाई वार्षिक रु. २ लाख सम्मको बीमा गरी सो बापतको प्रिमियम बैंकले भुक्तानी गर्ने ।<br><br>त्यस्तै, दुर्घटना बीमा वापत संचालकलाई वार्षिक रु. ४० लाख सम्मको बीमा गरी सो बापतको प्रिमियम बैंकले भुक्तानी गर्ने । | संचालक समितिका सदस्यहरुलाई आवश्यक परेको समयमा उपचारमा केही सहयोग पुग्न सकोस् भन्ने हेतुले औषधी उपचार बीमा गर्न मनासिव देखिएको ।<br>त्यस्तै, बैंकको व्यवसायमा भएको वृद्धिसँगै संचालक समितिका सदस्यहरु समेत परियोजनाहरुको अनुगमन, मुल्यांकन र अवलोकनमा सहभागि हुने परिपाटि रहेकोले सो क्रममा हुनसक्ने दुर्घटनालाई मध्यनजर गर्दै दुर्घटना बीमा गराउनुपर्ने देखिएको । |
| ३२ (१) ख २<br>**थप** | ३२ (१) ख<br>**२. संचार/यातायात/पत्रपत्रिका खर्च**<br>बैंकका संचालकहरुलाई संचार/ यातायात /पत्रपत्रिका बापत मासिक रुपमा एकमुष्ट रु. १० हजार प्रदान गर्ने । | समसामयिक रुपमा संचार/ यातायात/ पत्रपत्रिका खर्च प्रदान गर्न मनासिव देखिएको । यस्तो रकम फरक फरक शिर्षकमा फरक फरक तवरबाट प्रदान गर्नु भन्दा एकमुष्ट रुपमा प्रदान गर्नु उपयुक्त देखिएको । |

२. प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरवदल/थपघट/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध :**

विषयसूची विविध अन्तर्गत छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिदै आजको बैठक बिसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

## १७. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

अध्यक्षज्यूले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नुहुँदै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका आदरणीय शेयरधनी महानुभावहरुको गरिमामय उपस्थिति र सक्रिय सहभागिताका लागि धन्यवाद तथा आभार प्रकट गर्नु भयो । साथै, बैंकको चौंथो वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्षरुपमा सहयोग गर्नुहुने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय



Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

लगायत नियमनकारी निकायहरु, बैंकका लेखापरिक्षक, सुभेच्छुक महानुभावहरु बैंकमा आवद्ध कर्मचारीहरु एवं सरोकारवालाहरु सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । सो पश्चात विहान ११:४५ बजे अध्यक्षज्यूले बैंकको चौंथो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गनुभयो ।

**इश्वर बन्धु गौतम**
**कम्पनी सचिव**

**अनुज अग्रवाल**
**अध्यक्ष**
**मिति : २०७९/०८/१०**